मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ मंसीर ७ गते बुधबार (Wednesday, November 23. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## ब्राण्डेड रक्सीसहित दाहाल पक्राउ

**झापा, मंसीर ६।** अवैध रूपमा भारतबाट भन्सार छलि ल्याउँदै गरेको करिब ५ लाख ६५ हजार रुपैयाँ बराबरको बिभिन्न ब्राण्डका मदिरासहित बिर्तामोड नगरपालिका-३ घर भएका २६ वर्षीय जीवन दाहाललाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ।

बिभिन्न प्रकारका ब्राण्डेड मदिरा अवैध रुपमा भारतबाट भन्सार छली कोठामा ल्याई बेचबिखन गरिरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मदिरा जेडी २१ थान, डबल ब्ल्याक २१ थान, भोडका १८ थान र जेगा मास्टर १७ थानसहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

| | नेपाली कांग्रेस | | नेकपा एमाले | | राष्ट्रिय स्वतन्त्र पार्टी | | राष्ट्रिय प्रजातन्त्र पार्टी | | एकीकृत माओवादी | | नेकपा एस | | जसपा | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जित | अग्रता | जित | अग्रता | जित | अग्रता | जित | अग्रता | जित | अग्रता | जित | अग्रता | जित | अग्रता | जित | अग्रता |
| प्रतिनिधिसभा | ४ | ४६ | २ | ४१ | ० | १२ | ० | ६ | ० | १६ | ० | ७ | ० | १ | १ | १५ |
| प्रदेशसभा | ५ | ६३ | २ | ४३ | - | - | २ | ० | ० | ३३ | ० | ० | ० | ० | ० | ० |

# प्रत्यक्षमा कांग्रेस अगाडि, समानुपातिकमा एमाले

## राष्ट्रिय स्वतन्त्र पार्टी तेस्रो शक्ति !




**झापा, मंसीर ६।** आइतवार सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको मत परिणााम सार्वजनिक भइरहेको छ। यो समाचार तयार पार्दासम्म प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ नेपाली कांग्रेस अगाडि देखिएको छ भने समानुपातिकतर्फ नेकपा एमाले अगाडि छ ।

नेपाली कांग्रेसले प्रत्यक्षतर्फ चार स्थानमा जीत हासिल गरेको छ भने ४५ स्थानमा अगाडि छ। नेकपा एमालेले प्रत्यक्षतर्फ दुई स्थानमा जीत हासिल गरेको छ भने ४२ स्थानमा अगाडि छ ।

प्रतिनिधिसभातर्फ नागरिक उन्मुक्ति पार्टीले एक स्थानमा जीत हासिल गरेको छ भने तीन स्थानमा अग्रता लिएको छ। माओवादी केन्द्रले हालसम्म प्रत्यक्षतर्फ जीत हासिल गर्न सकेको छैन भने १७ स्थानमा मात्रै अगाडि छ। त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी ११ स्थानमा अगाडि छ भने अन्य ९ पार्टीको अग्रता रहेको छ ।

पहिलोपटक चुनावमा उठेको राष्ट्रिय स्वतन्त्र पार्टी ११ ठाउँमा अग्रतासहित तेस्रो स्थानमा छ। समानुपातिक प्रणाली तर्फको प्रारम्भिक मतगणनामा पनि राष्ट्रिय स्वतन्त्र पार्टी तेस्रो स्थानमा देखिएको छ ।

रबि लामिछाने नेतृत्वमा चुनाव अघि मात्र गठन भएको स्वतन्त्र पार्टीले यसअघि संसद्मा तेस्रो स्थानमा रहेको नेकपा माओवादी केन्द्रलाई निरन्तर पछि पारिरहेको छ ।

यता प्रदेशसभा सदस्यतर्फ नेपाली कांग्रेसले सात स्थानमा जीत हासिल गरेको छ भने ६ स्थानमा अगाडि छ ।

जनमत पार्टीले २ स्थानमा जीत हासिल गरेको छ भने १ स्थानमा अग्रता लिएको छ। राप्रपाले एक स्थानमा जीत हासिल गरेको छ भने अग्रता दुई स्थानमा रहेको छ। हाम्रो नेपाल पार्टीको विजय एक स्थामा भएको छ। नेकपा एमालेले १२ स्थानमा अग्रता लिएको छ भने एकीकृत समाजवादीले आठ ठाउँमा र स्वतन्त्रले पाँच ठाउँमा अग्रता लिएको छ। त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रले ४ स्थानमा मात्रै अग्रता कायम गरेको छ। त्यस्तै जनता समाजवादीले दुई र लोसपाले दुई स्थानमा अग्रता लिएका छन् ।

यता समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीलाई धेरै मत प्राप्त भएको छ। देशभरी पाएको मतको आधारमा राष्ट्रिय स्वतन्त्र पार्टीले तेस्रो स्थानमा मत पाएको छ ।

काठमाडौंमा ठूलालाई उछिन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समानुपातिकतर्फ सबैभन्दा बढी मत प्राप्त गरेको हो। निर्वाचन आयोगको सिस्टममा अपडेट भएको मत परिणाम अनुसार समानुपातिकमा रास्वपाले ६ हजार २ सय २३ मत प्राप्त गरेको हो ।

यसैबीच प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले) को अग्रता देखिएको छ। पछिल्लो विवरण अनुसार एमालेले एक लाख १९ हजार सात मत प्राप्त गरेको छ ।

नेपाली कांग्रेसले एक लाख एक हजार सात सय ८१, राष्ट्रिय स्वतन्त्र पार्टीले ५१ हजार दुई सय ४१, नेकपा (माओवादी केन्द्र) ले ४५ हजार छ सय ९४, राष्ट्रिय प्रजातन्त्र पार्टीले २८ हजार सात सय ६, जनता समाजवादी पार्टी नेपालले नौ हजार तीन सय ६४, जनमत पार्टीले आठ हजार सात सय ४, नागरिक उन्मुक्ति पार्टीले छ हजार ५९, नेपाल मजदूर किसान पार्टीले पाँच हजार छ सय ७१ र नेकपा (एकीकृत समाजवादी) पार्टीले पाँच हजार ४०३ मत प्राप्त गरेको छ ।

प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश १ मा एमालेले २९ हजार सात सय ५०, कांग्रेसले २४ हजार नौ सय ७७, माओवादी केन्द्रले १० हजार तीन सय ६१, राष्ट्रिय प्रजातन्त्र पार्टीले सात हजार पाँच सय ८० र जनता समाजवादी पार्टीले पाँच हजार एक सय ४ मत प्राप्त गरेका छन् ।

मधेस प्रदेशमा कांग्रेसले पाँच हजार छ सय, एमालेले पाँच हजार चार सय ८७, जनमत पार्टीले चार हजार तीन सय ९८, जनता समाजवादी पार्टी नेपालले दुई हजार पाँच सय २२ र माओवादी केन्द्रले एक हजार नौ सय ९५ मत प्राप्त गरेको छ ।

बागमती प्रदेशमा कांग्रेसले १५ हजार नौ सय २१, एमालेले १५ हजार पाँच सय ५७, राष्ट्रिय प्रजातन्त्र पार्टीले नौ हजार पाँच सय छ, माओवादी केन्द्रले सात हजार चार सय ५६ र नेपाल मजदुर किसान पार्टीले पाँच हजार १९ मत प्राप्त गरेका छन् ।

***(बाँकी अन्तिम पृष्ठमा)***

विश्वकप फुटबल

## अर्जेन्टिनाको अकल्पनीय हार



**समूह एफ**

**बेल्जियम Vs क्यानडा**
**मंसीर ७ गते । राति १२:४५ बजे**

**मोरोक्को Vs क्रोएसिया**
**मंसीर ७ गते । राति ३:४५ बजे**

**काठमाडौं, मंसीर ६।** साउदी अरेबियासँग पराजित भएसँगै अर्जेन्टिना ऐतिहासिक कीर्तिमानबाट चुकेको छ। अर्जेन्टिनाको ३६ खेलको अपराजित यात्रामा मंगलबार साउदीले ब्रेक लगाइदिएको हो ।

साउदीसँग नहारेको भए अर्जेन्टिनाले ३७ खेल लामा अपराजित यात्रा इटलीसँग साझेदार गर्ने थियो। यसअघि सबैभन्दा लामो अपराजित यात्रा इटलीको नाममा छ। समूह डी मा तुलनात्मक रुपमा कमजोर मानिएको साउदीले पुनरागमन जित दर्ता गरेको हो। अर्जेन्टिनाका लागि ९औं मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै मेस्सीले अर्जेन्टिनालाई अग्रता दिलाएका थिए। पहिलो हाफ १-०को अग्रतामा सकिए पनि दोस्रो हाफमा साउदीले आक्रामक खेल खेल्यो। साउदीका लागि खेलको ४८औं मिनेटमा सलेह अलसेहरीको गोलमा बराबरी गरेको साउदीका लागि ५३औं मिनेटमा सलिम अल दावसरीले गोल गर्दै महत्वपूर्ण जित दिलाए ।

**समूह इ**

**जर्मनी Vs जापान**
**मंसीर ७ गते । राति ६:४५ बजे**

**स्पेन Vs कोस्टारिका**
**मंसीर ७ गते । राति ९:४५ बजे**

सधैं साउदीमाथि हाबी हुँदै आएको अर्जेन्टिनाले पहिलो पटक हार व्यहोरेको हो। हारसँगै अर्जेन्टिनाको अघिल्लो चरण यात्रामा धक्का लागेको छ। अब मेक्सीको र पोल्याण्डसँग खेल्न बाँकी छ। अघिल्लो चरणका लागि अर्जेन्टिनालाई यी खेल जित्नै पर्ने दबाब छ ।

## झापामा प्रतिनिधिसभा सदस्यतर्फ

### झापा क्षेत्र नं. १

अग्रता — कांग्रेस — विश्वप्रकाश शर्मा



पछ्याउँदै — एमाले — अग्नि खरेल



### झापा क्षेत्र नं. २

अग्रता — एमाले — देवराज घिमिरे



पछ्याउँदै — स्वतन्त्र — भद्रप्रसाद नेपाल



पछ्याउँदै — माओवादी केन्द्र — हरि राना




### झापा क्षेत्र नं. ३

अग्रता — राप्रपा — राजेन्द्र लिङ्देन



पछ्याउँदै — कांग्रेस — कृष्णप्रसाद सिटौला



### झापा क्षेत्र नं. ४

अग्रता — एमाले — एलपी साँवा



पछ्याउँदै — रा. स्वतन्त्र पार्टी — शम्भुप्रसाद ढकाल



पछ्याउँदै — कांग्रेस — देउकुमार थेवे



### झापा क्षेत्र नं. ५

अग्रता — एमाले — केपी शर्मा ओली



पछ्याउँदै — कांग्रेस — डा. खगेन्द्र अधिकारी





# प्रधानमन्त्री बन्ने नाराले गगनलाई जितायो

**काठमाडौँ, मंसीर ६।** नेपाली कांग्रेस संसदीय दलको नेता बनेर प्रधानमन्त्री बन्ने नाराका साथ काठमाडौँ क्षेत्र नं ४ मा मत मागेका गगनकुमार थापा तेस्रोपटक प्रत्यक्ष सांसद निर्वाचित भएका छन् ।

निकटतम् प्रतिद्वन्द्वी डा. राजन भट्टराईभन्दा सात हजार चार सय ४७ मतान्तरले बिजयी उनले २१ हजार तीन सय दुई मत ल्याउँदा भट्टराईले १३ हजार आठ सय ५५ मत पाएका थिए। वि.सं. २०३३ साउन ४ गते काठमाडौंमा जन्मिएका महेन्द्रकुमार थापा र राजेश्वरी थापाको छोरा गगनले स्नातकोत्तरसम्म अध्ययन गरेका छन् ।

वि.सं. २०४६को जनआन्दोलनका बेलामा अध्ययनकै क्रममा आन्दोलनमा सहभागी भएका उनी नेपाली कांग्रेसको भ्रातृ सङ्गठन नेपाल विद्यार्थी संघमा आवद्ध थिए। उच्च शिक्षा अध्ययनका क्रममा २०५१ सालमा थापा त्रिचन्द्र क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको सदस्यमा निर्वाचित भएकोमा वि.सं २०५३ को स्ववियु निर्वाचनमा सोही क्याम्पसको सचिवमा निर्वाचित भएका थिए ।

विद्यार्थी संघले सचिवका लागि टिकट नदिएपछि उनी विद्रोही समूहबाट सचिव निर्वाचित

***(बाँकी अन्तिम पृष्ठमा)***

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**
***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

## इलाम प्रतिनिधिसभा सदस्यतर्फ

### इलाम क्षेत्र नं. १

अग्रता — एमाले — महेश बस्नेत



पछ्याउँदै — नेकपा एस — झलनाथ खनाल



### इलाम क्षेत्र नं. २

अग्रता — कांग्रेस — डम्बर खड्का



पछ्याउँदै — एमाले — सुवास नेम्वाङ



# अर्जुनधारा जलेश्वरधाममा शतबीज रोपण



**अर्जुनधारा, मंसीर ६।** बलाचतुर्दशीको अवसरमा मंगलबार झापाको अर्जुनधारा-७स्थित अर्जुनधारा जलेश्वरधाममा भक्तजनहरुले शतबीज रोपण गरेका छन् ।

बिहान ४ बजेदेखि नै जिल्ला तथा जिल्ला बाहिरबाट आएका हजारौं भक्तजनहरुले शतबीज रोपण गरेको धामका कार्यालय सचिव विष्णु भट्टराईले जानकारी दिए । शतबीज रोपणसँगै धामको ४०औं वार्षिक अनुष्ठान अन्तर्गत गत मंसीर १ गतेदेखि शुरु भएको श्रीमद् ब्रह्माण्ड महापुराण सम्पन्न भएको छ ।

धाम परिसरमा नवनिर्मित गौरी मन्दिर तथा १०८ शिवलिङ्गका निर्माणकर्ता दाता कमल बस्नेतले उद्घाटन गरेका महापुराणका प्रमुख वाचक धामका व्यासाचार्य पण्डित कुवेर सुवेदी र उपवाचक पण्डित हेमन्त भण्डारी रहेका थिए ।

महापुराण अन्तर्गत दैनिक रुद्राभिषेक, तण्डुलाचल, धनधान्याञ्चल, हवन, गंगा आरती, भूमिदान, लक्ष्यवर्तिका प्रज्ज्वलन लगायतका कार्यक्रमहरु सञ्चालन भएको थियो । समितिले धाममा आउने भक्तजनहरुको लागि रमाइलो मेला पनि सञ्चालन गरेको थियो ।

त्यसैगरी धाम परिसरमा आउने भक्तजनहरुको भीडलाई व्यवस्थापन गर्न धेरै संख्यामा जनपद प्रहरी, सशस्त्र प्रहरी, म्यादी प्रहरी तथा धाम क्षेत्रमा सञ्चालन हुने सवारी साधनहरुलाई व्यवस्थापन गर्न ट्राफिक प्रहरीहरु परिचालन गरिएको थियो । त्यस्तै स्वस्तिका शिशु सदन अंग्रेजी आवासिय विद्यालय अन्तर्गतको राष्ट्रिय सेवा दल, नेपाल स्काउटलगायतका संस्थाहरुले स्वयम्सेवकको भूमिका निर्वाह गरेका थिए ।

# जसले जिते सांसद



प्रकाशमान सिंह



कृष्णगोपाल श्रेष्ठ



गंगाराम चौधरी

**काठमाडौं, मंसीर ६।** काठमाडौं क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका प्रकाशमान सिंह विजयी भएका छन् ।

सिंहले प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातन्त्र पार्टीका रबीन्द्र मिश्रलाई एक सय २५ मतले पराजित गरे । सिंहले सात हजार एक ४३ मत ल्याए । साथै, मिश्रले सात हजार १८ मत प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

गत २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि सिंहले मिश्रलाई नै पराजित गरेका थिए । तत्कालीन समयमा कांग्रेसका सिंहले १० हजार नौ सय ३६ मत प्राप्त गरेका थिए भने विवेकशील साझा पार्टीका उम्मेदवार मिश्रले १० हजार एक सय १८ मत प्राप्त गरेका थिए ।

**काठमाडौं–९मा एमाले कृष्णगोपाल श्रेष्ठ विजयी**

नेकपा (एमाले)का उम्मेदवार कृष्णगोपाल श्रेष्ठले एघार हजार नौ सय ५६ मत प्राप्त गरी काठमाडौं निर्वाचन क्षेत्र नं. ९बाट प्रतितिनिधिसभा सदस्यमा विजयी भएका छन् । उनले निकटतम् प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीका टेकबहादुर पोखरेललाई नौ सय ९५ मतले पछि पार्दै बिजय भए ।

पोखरेल भने दश हजार नौ सय ६१ मत प्राप्त गरेका थिए । उक्त निर्वाचन क्षेत्रमा ४४ हजार तीन सय ७९ मत खसेको थियो । मत गणनामा शुरुदेखि नै श्रेष्ठले अग्रता लिएका थिए । उक्त क्षेत्रबाट नेकपा (माओवादी केन्द्र)का कल्पना धमलाले भने ६ हजार चार सय दुई मत प्राप्त गरिन् ।

उक्त क्षेत्रमा एक हजार आठ सय ६२ मत बदर भएको निर्वाचन अधिकृत पूजा खत्रीले जानकारी दिइन् । उक्त क्षेत्रमा १२ राजनीतिक दल र १० स्वतन्त्र उम्मेदवार थिए । तीमध्ये १७ पुरुष र पाँच जना महिला थिए । त्यस क्षेत्रमा मतदाता संख्या ७२ हजार एक सय ७३ थियो ।

**कैलाली–३ : नागरिक उन्मुक्ति पार्टीका गंगाराम विजयी**

कैलाली जिल्ला प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ३ मा नागरिक उन्मुक्ति पार्टीका गङ्गा चौधरी २३ हजार एक सय २० मत प्राप्त गरी विजयी भएका छन् ।

उनका निकटतम् प्रतिद्वन्द्वी वाम-लोकतान्त्रिक गठबन्धन, नेकपा (माओवादी केन्द्र)का कृष्णकुमार चौधरीले १७ हजार सात सय ४९ मत प्राप्त गरेको निर्वाचन अधिकृत लक्ष्मीनारायण दाहालले जानकारी दिए । सो क्षेत्रमा ६३ हजार सात सय ४० मत खसेकामा ५९ हजार सात सय १९ मत सदर भएको छ ।

प्रतिनिधिसभा सदस्यको अन्तिम परिणाम सार्वजनिक भएपछि प्रदेशसभातर्फको मतगणना शुरु गरिएको दाहालले बताए । जिल्लाका अन्य चार निर्वाचन क्षेत्रमा मतगणना जारी छ ।

## प्रत्यक्षमा ...

गण्डकीमा एमालेले २२ हजार ७०, कांग्रेसले १५ हजार सात सय ७१, माओवादी केन्द्रले चार हजार आठ सय ७५, राष्ट्रिय प्रजातन्त्र पार्टीले चार हजार पाँच सय २४ र हाम्रो नेपाली पार्टीले एक हजार नौ सय ६० मत प्राप्त गरेको छ ।

लुम्बिनी प्रदेशमा एमालले ३२ हजार ४८, कांग्रेसले २३ हजार तीन सय ९९, माओवादी केन्द्रले १० हजार छ सय ५५, राप्रपाले सात हजार पाँच सय १९, नागरिक उन्मुक्ति पार्टीले पाँच हजार छ सय १९ मत प्राप्त गरेको छ ।

कर्णालीमा माओवादीले तीन सय ४३, एमालेले एक सय ७९, कांग्रेसले ९९, राप्रपाले ७० र हाम्रो नेपाली पार्टीले छ मत प्राप्त गरेको छ । सुदूरपश्चिम प्रदेशसभाको समानुपातिकतर्फको मत आयोगको प्रणालीमा प्रविष्ट हुन सकेको छैन ।

## प्रधानमन्त्री ...

भएका थिए । वि.सं. २०५५को स्ववियु निर्वाचनमा थापा त्रिचन्द्र क्याम्पसको सभापति निर्वाचित हुनाका साथै सोही बखत त्रिभुवन विश्वविद्यालयबाट सिनेट सदस्यमा मनोनित भए । वि.सं २०५७ मा चितवनमा सम्पन्न नेपाल विद्यार्थी संघको नवौं महाधिवेशनबाट उनी उपाध्यक्ष निर्वाचित भएका थिए । २०५९ सालमा वीरगञ्जमा सम्पन्न नेपाल विद्यार्थी संघको १०औं महाधिवेशनबाट थापा महामन्त्री मनोनित भए । नेविसंघको महामन्त्री भएका बेला राजसंस्थाको सान्दर्भिकताका विषयमा बहस गरेर उनी चर्चामा आएका थिए ।

राजसंस्थाको सान्दर्भिकताका बारेमा बहस गरेरपछि २०६२ सालमा नेविसंघका तत्कालीन अध्यक्ष गुरुराज घिमिरे र थापालाई राजद्रोहको मुद्दा लगाइएको थियो । घिमिरे र थापासहित अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का नेता पुरुषोत्तम आचार्यलाई राजद्रोहको मुद्दा लगाएपछि राजधानीलगायत मुख्य शहरमा विद्यार्थी आन्दोलन चर्किएको थियो । त्यसबेलाको विद्यार्थी आन्दोलनमा राजतन्त्रबिरुद्ध नै नारा लागेको थियो । आन्दोलन चर्किएपछि तत्कालीन सरकार तीनै जना विद्यार्थी नेतालाई छोड्न बाध्य भएको थियो । सोही विद्यार्थी आन्दोलनले थापालाई चर्चित विद्यार्थी नेताका रुपमा स्थापित गरेको हो । वि.सं. २०६४ चैत २८ गते सम्पन्न पहिलो संविधानसभा निर्वाचनताका चर्चित वक्ताका रुपमा उनले धेरै ठाउँमा सम्बोधन गरे । पहिलो संविधानसभा सदस्यका लागि भएको निर्वाचनमा समानुपातिक सूचीमा रहेका थापा परिणाम प्राप्त भएपछि संविधानसभा सदस्य बने । वि.सं २०६८ मा उनी कांग्रेस केन्द्रीय सदस्यमा निर्वाचित भएका उनी महमान्त्रीमा भने पराजित भए ।

महामन्त्रीमा हारे पनि थापा केन्द्रीय सदस्य पदमा मनोनित भए । विसं २०७० मा भएको दोस्रो संविधानसभा सदस्य निर्वाचनमा काठमाडौं-४ बाट उनी पहिलो पटक प्रत्यक्ष सांसद निर्वाचित भए । सोही कार्यकालमा २०७१ सालमा थापाले संसद्को कृषि तथा जलस्रोत समितिको सभापति भएर काम गरे भने वि.सं २०७३ मा स्वास्थ्य तथा जनसंख्यामन्त्री बनेर गरेको कामका कारण पनि चर्चित भए । स्वास्थ्य मन्त्री हुँदा उनले सरकारी अस्पतालमा फार्मेसीको स्थापना गराउनुका साथै सफाइमा पनि विशेष अभियान चलाएका थिए ।

स्वास्थ्य बीमाको कार्यक्रम पनि थापाको कार्यकालमा आएको थियो । वि.सं २०७४ मंसीरमा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पनि उनी काठमाडौं-४ बाट दोस्रोपटक प्रत्यक्ष निर्वाचित सांसद बनेका थिए । दोस्रो कार्यकालमा थापाले संसद्को शिक्षा तथा स्वास्थ्य समिति सदस्य भएर काम गर्नाका साथै वि.सं. २०७८ मा सम्पन्न कांग्रेस महाधिवेशनबाट भारी मतान्तरले महामन्त्री पदमा निर्वाचित भएका थिए ।

कांग्रेस महामन्त्री पदमा थापा र विश्वप्रकाश शर्माको विजयले पार्टीभित्र मात्र नभइ अन्य पार्टी र स्वतन्त्र युवा समूहमा पनि उत्साह जागृत भएको थियो । थापालाई अर्का महामन्त्री शर्माले पनि भावी प्रधानमन्त्री भनी सार्वजनिक घोषणा गरेका थिए ।

फरक-फरक भूगोलमा पुगेर युवासँग अन्तर्क्रिया गर्न रुचाउने थापा सबैका अनुभव सुन्न लालायित हुन्छन् । विसं २०५९ असोजमा जननिर्वाचित सरकारलाई हटाएपछि भएका विभिन्न आन्दोलनका क्रममा दुईपटक राजद्रोहको मुद्दा खेपेका उनले राज्यबाट संविधानसभा पदक प्राप्त गरेका छन् ।


## सार्वजनिक सुनुवाई

**युनाईटेड फर्मास्युटिकल्स इन्ड्रष्ट्री प्रा.लि. को स्थापना निमित्त हुन गईरहेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रयोजनार्थ तल उल्लेखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई हुने भएकोले सरोकारवालाको उपस्थितिको लागि अनुरोध छ ।**

**मिति : २०७९/०८/०९ गते शुक्रवार**

**समय : बिहान ८:३०**

**स्थान : हल्दिबारी गाउँपालिका–१, गोलधाप, झापा,**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय

काँकरभिट्टा, झापाको

## खाद्य आयात/निर्यातकर्ता एवम् व्यवसायी वर्गमा अपिल

नेपालमा आयात, उत्पादन तथा विक्री गरिने सबै किसिमका खाद्य पदार्थहरुको प्याकेजिङ आवरण (लेवल) मा देहायका विवरणहरु खुलाई सम्बन्धित निकायबाट अनुमति लिएर मात्र आ–आफ्नो व्यवसाय गर्न/गराउनु हुन सूचित गरिन्छ ।

१) खाद्य पदार्थको नाम
२) उत्पादकको पूरा नाम र ठेगाना
३) समीश्रण गरिएका कच्चा पदार्थको विवरण
४) खाद्य पदार्थको खुद तौल र नापको विवरण
५) उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति तथा व्याच नम्बर
६) स्वीकृत रंग र परिरक्षी प्रयोग गरिएको भए खुलाउनुपर्ने ।
७) पोषकतत्व दावी गरिएको भए नाम तथा परिमाण दुबै खुलाउनुपर्ने ।
८) लेवलमा उल्लेख हुने विवरण नेपाली वा अंग्रेजी भाषामा हुनुपर्ने र यी दुई भाषाका अतिरिक्त अन्य भाषामा पनि खुलाउन चाहेमा खुलाउन सकिने ।
९) कुनै पनि खाद्य पदार्थ आयात गर्नुपूर्व खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनिवार्य आयात अनुमति (Import Permit) प्राप्त गरी यस कार्यालयबाट गुणस्तर प्रमाणीकरण गराउनुहुनका साथै तरकारी एवम् फलफूलहरुको कार्यालयबाट अनिवार्य रुपमा विषादि परीक्षण गरेर मात्र आयात/निर्यात गर्नुहुन समेत अनुरोधछ ।

**सम्पर्क: ०२३–५६६०८२, ९८५२६७३९६५,**
**E: falokkvtnepal@gmail.com, website> www.dftqc.gov.np**

## आवश्यकता

**बिर्तामोडको मन्टेश्वरी स्कुललाई सरसफाइ तथा विद्यार्थीको हेरचाह गर्ने एकजना महिलाको आवश्यकता भएको हुँदा इच्छुकले तु- सम्पर्क गर्नु होला ।**
**मो. ९८०४५९८५९०/ ९८२३४३७४५४**

## घर जग्गा बिक्रीमा

**बिर्तामोड नपा वडा नं. १ सिनेप्लाजाबाट पश्चिम खानेपानी टेङ्की जाने पिचरोडको पश्चिमपट्टी छ धुर जग्गामा बनेको टिनको छाना भएको घरजग्गा बिक्रीमा रहेको हुँदा आवश्यक पर्ने महानुभावले सम्पर्क गर्नु होला । मो. नं. ९८१४००७३५७**

## घर विक्रीमा

**बिर्तामोड नपा–१ राजगढ स्टेण्ड उत्तर हाइवे टचमा रहेको १ कठ्ठा १३ धुर जग्गामा बनेको ३ तले कमर्सियल भवन तु–विक्रीमा छ । साथै फाइनान्सको सुविधा समेत रहेको छ । मो. ९८५२६७२५९६**

## घर तु-विक्रीमा

**बिर्तामोड वडा नं. ४ मुक्ति चौक छेउ हाइवे टचमा रहेको १० धुर जमिनमा बनेको ४ तले कमर्सियल भवन तु–विक्रीमा छ । साथै फाइनान्सको सुविधा समेत रहेको छ । मो. ९८५२६७२५९६**

## फ्ल्याट भाडामा

बिर्तामोडस्थित कञ्चनजंघा हस्पिटल अगाडि रहेको घरको पहिलो तला र तेस्रो तला परिवार बस्नेको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।
**सम्पर्क: ९८०७९४७५४४**

## घर भाडामा

झापाको बिर्तामोड–५ शनिश्चरे रोडमा अवस्थित व्यापारिक प्रयोजनका लागि अतिउत्तम घर भाडामा रहेकाले आवश्यक पर्नेले तु–सम्पर्क गर्न हुन अनुरोध छ ।
**सम्पर्क: ९८०२३१३६९७**

‘मेरो कर्णाली मेरो समृद्धिको आधार’

कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

विर्तामोड–४ झापाको

## २२औं वार्षिक साधारणसभा सम्बन्धीको सूचना

**यस कर्णाली बचत तथा ऋण सहकारी संस्था लि. झापाको मिति २०७९।०७।१६ गते बसेको सञ्चालक समितिको ४८५औं बैठकको निर्णय अनुसार संस्थाको २२औं वार्षिक साधारणसभा यही मिति २०७९।०९।२४ गते सम्पन्न गर्न सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को नियम १८ को उप नियम छ ‘क’ तथा प्रदेश ऐन नियम बमोजिम सहकारी संस्थाको साधारण सभा (पहिलो संशोधनसहित) निर्देशिका २०७६ मा व्यवस्था भए बमोजिम निम्न ७ वटा इकाइ निर्धारण गरी उक्त साधारण सभा सम्पन्न गरिने भएकोले उक्त ईकाइगत साधारणसभामा उपस्थित भई २२ औं वार्षिक साधारणसभाको माईन्युट लेखन तथा प्रमाणीकरण प्रतिनिधि छनौट समेत गरिने भएकोले उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।**

**तपशिल**

| क्र.स | ईकाई | ईकाईमा समेटिने कार्यालयहरु | मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | दमक | जुरोपानी, गौरादह, लखनपुर, ढुकुरपानी, क्याम्पा र दमक | २०७९/०८/२१ | रोयल पार्टी प्यालेस, दमक-५ | ११:०० |
| २ | सुरुङ्गा | झिलझिले, शिवगन्ज, बैगुनधुरा, शरणामति, र सुरुङ्गा | २०७९/०८/२७ | अतिथि सदन, सुरुङ्गा | ११:०० |
| ३ | उर्लावारी | दाम्राभिट्टा, मो. सोमबारे, मो. मंगलावारे, मधुमल्ला, बेलवारी र उर्लावारी | २०७९/०८/२८ | वाणिज्य संघको हल, उर्लावारी | ११:०० |
| ४ | भद्रपुर | पथरिया, बनियानी, सोमबारे, राजगढ र भद्रपुर | २०७९/०९/०३ | किरात कोलोनी, भद्रपुर | ११:०० |
| ५ | धुलावारी | चारआली, इटाभट्टा, भृकुटी, बुधवारे, हर्कटे र धुलावारी | २०७९/०९/०६ | कृष्ण पार्टी प्यालेस, धुलावारी | ११:०० |
| ६ | विर्तामोड | खुदुनावारी, शनिश्चरे,महानन्द चोक, कृषिथोक, मंगलावारे र विर्तामोड | २०७९/०९/१४ | आदर्श ब्याङक्युट, विर्तामोड | ११:०० |
| ७ | विर्तामोड | सैनिकमोड, गरामनी, लक्ष्मीपुर, बुट्टाबारी, गोलधाप र विर्तामोड | २०७९/०९/१७ | आदर्श ब्याङक्युट, विर्तामोड | ११:०० |

सामाजिक विकास मन्त्रालय

प्रदेश नं. १

स्वास्थ्य निर्देशनालय

मेची अञ्चल अस्पताल

भद्रपुर, झापा

## स्टाफ नर्स र हेल्थ असिष्टेन्ट (सहायक पाँचौ) सेवा करारमा लिने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/०७**

यस अस्पतालमा A multicenter,randomized,double-blinded,placebo-controlled phase III trial to evaluate the efficacy,safety and immunogenicity of the recombinant two component COVID-19 vaccine(CHO cell) in adults aged 18 years and older) कार्यक्रम सञ्चालन हुन गइरहेकोले सो को लागि निम्नानुसारका कर्मचारीहरुको आवश्यकता परेको हुँदा उक्त कार्यक्रमको लागि सेवा करारद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । निबेदन साथ व्यक्तिगत वायोडाटा पेश गर्नुपर्नेछ ।

| सि.नं. | पद | पद संख्या | मासिक तलव रु | कैफियत |
|---|---|---|---|---|
| १ | स्टाफ नसं | ४(चार) | कार्यक्रमको नियमानुसार | करार अवधि ५ महिनाको हुनेछ |
| २ | हेल्थ असिष्टेन्ट | २ (दुइ) | कार्यक्रमको नियमानुसार | करार अवधि ५ महिनाको हुनेछ |

**निम्न**

१) नेपाली नागरिक ।
२) **न्यूनतम शैञ्छिक योग्यता:** नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।
३) **उमेरको हद :** १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको हुनुपर्ने छ ।
४) सम्बन्धित निकायबाट प्राप्त काउन्सिलमा दर्ता भएको प्रमाण पत्र, म्याद नाघी नवीकरण नभएकोलाई मान्यता दिईने छैन ।
५) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।
६) **निबेदनमा संलग्न गर्नुपर्ने :** उम्मेदवारको व्यक्तिगत बिवरण,शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, कार्य अनुभव भएको भए नियुक्ति पत्र र सेवा प्रमाणित पत्रको प्रमाणित प्रतिलिपि, प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवारले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने छ ।
७) परीक्षाको माध्यम अन्तरवार्ता हुनेछ ।
८) अन्तरवार्ता ०७९/०८/१५ गते बिहानको ११.०० बजे हुनेछ ।
निबेदन दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट आबेदन बुझाउन सकिने छ ।
९) Staff nurse को हकमा व्याचलर्स अथवा माष्टर्स उत्तीर्ण गरेकालाई बिशेष प्राथमिकता दिईने छ ।
१० अन्य जानकारीको लागि यशोदा कँडेलसँग सम्पर्क गर्न ९८५२६२१०३२मा सकिनेछ ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## मतपत्रका गुनासाहरु

आइतबार सम्पन्न आमनिर्वाचनको नतिजा सार्वजनिक हुन थालेको छ । यसपटकको निर्वाचनमा नेपाली काग्रेसले विजयको शुभारम्भ गर्दै आफ्नो विजय यात्रालाई निरन्तरता दिँदै आएको छ । देशकै ठूलो दल भएका नाताले उसले प्राप्त गरेको विजयले सो दललाई हर्ष लागेको हुनसक्छ, जो स्वभाविक पनि हो । यद्यपि यो नतिजा प्रारम्भिक मात्रै हो, कुनै दलको सरकार गठन गर्ने अवस्था नआउञ्जेल ठूला दलका निम्ति हर्षको विषय बन्न सक्दैन । एकातिर यसपटकको निर्वाचनमा इतिहासकै कम मत खसेको छ, अर्कातिर प्रभावशाली नेताहरु मतगणनामा पछि पर्दै गएका छन् । नेपाली कांग्रेसले भने थोरै भए पनि समयको आवश्यकता महशुस गरेका कारण नयाँ अनुहारले निर्वाचन जित्ने संकेत देखिएको छ ।

मतदान गर्नेहरुको मानसिकता संस्थापन पक्षीय दलहरुसँग रुष्ट रहेको अहिलेको प्रारम्भिक नतिजाले देखाएको छ । तीन दशकदेखि सत्ताको वरिपरि बसेर हालीमुहाली गरेका नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र जस्ता दलहरुसँग मतदाताले मतपत्रद्वारा असहमति प्रकट गरेका छन् । ती दलका नेतृत्व तहका नेताहरुको रवैयाप्रति मतदाताले मतका माध्यमबाट असन्तुष्टि र आक्रोश प्रकट गरेका हुन् । त्यही आक्रोशको परिणाम हो कि मतगणनाका क्रममा नयाँ अनुहारहरुलाई सम्मानजनक मत प्राप्त भइरहेको छ । सत्तामा बस्नेहरुको गैरजिम्मेवार चरित्र र निरंकुश व्यवहारले देश झन गरीब, झन पछि पऱ्यो भने आन्तरिक मामिलामा वाह्य हस्तक्षेप बढ्न थालेको छ ।

अबको दुई दिनभित्रमा आगामी सरकारको सुनिश्चितताको पनि ऐना देखिनेछ । त्यसको केही दिनपछि सरकारले पूर्णता पनि पाउने नै छ । तर, उसले विगतको मानसिकता, प्रवृत्ति र व्यवहार त्याग्नु पर्दछ । बाँचुञ्जेल सत्तामा झुण्डिने, विमति राख्नेहरुलाई कित्ताकाट गर्ने, निषेध गर्ने र आमजनताप्रति उदासीन र निरपेक्ष रहने मानसिक दरिद्रता मूलधारका दलहरुले त्याग्नैपर्छ । यदि त्यसो भएन, यसपटकको निर्वाचनको चोटले पनि दुखेन र जनताको आक्रोश, असहमति र अस्वीकृतिको सम्बोधन भएन भने राजनीतिक प्रणालीलाई धरापमा पार्ने अपजस पनि उनीहरुले नै लिनुपर्नेछ । त्यसैले मूलधारका राजनीतिक दलहरु गम्भीर बनून् र मतदाताका असरल्ल गुनासाहरु फेरि दोहोरिन नपाउन् ।

# स्थानीय तहमा वित्तीय सुशासन





गोपीनाथ मैनाली

शक्ति र साधन अभ्यासलाई जनस्तरमा पुऱ्याई स्थानीय आवश्यकता त्यहीँबाट पूरा गर्न विकेन्द्रीकरणले अघिल्लो शताब्दीबाट महत्व पाउँदै आयो । सङ्घीय शासन पद्धतिले विकेन्द्रीकरणलाई उच्चतम् स्तरमा अभ्यास गर्न रणनीतिक दर्शन लिने गर्छ । सङ्घीयताको सुन्दर पक्ष नै शासकीय तहहरूको निर्माण गरी सार्वभौम शक्तिको निक्षेपण हो । स्थानीय सरकारले निक्षेपित शक्तिको अभ्यास मार्फत लोकतन्त्रलाई कार्यमूलक बनाउँछ । स्थानीय सरकार लोकतन्त्रको कार्यात्मक संयन्त्र हो, उसैसँग भूगोल, जनसंख्या छ र त्यो भूगोल र जनसंख्यासँग नजिकमा रहेर काम गर्ने अवसर छ । स्थानीय सरकारको प्रभावकारिताको मुख्य आयाम उनीहरूले अभ्यास गर्ने वित्तीय साधनको जवाफदेहितामा निर्भर गर्छ । साथै सङ्घीयताको सफलता स्थानीय तहहरूले अभ्यास गरेको वित्तीय साधनको अनुशासनमा निर्भर गर्छ ।

वित्तीय अनुशासनका धेरै आयाम छन् । बजेट निर्माण, योजना तर्जुमा, कार्यक्रमका लागि विनियोजनका आधार तय, खर्च व्यवस्थापन, कार्यक्रम अनुगमन तथा समीक्षा र लेखा परीक्षण सार्वजनिक वित्त व्यवस्थापनका तत्व हुन ्। संविधान निक्षेपित अधिकारमा स्थानीय सरकारले स्रोतसाधनको व्यवस्थापन, निर्णय, नियन्त्रण र स्वयम् जवाफदेहिताको अभ्यास गर्न थालेको पाँच वर्ष भयो । यसबीच सात सय ५३ पालिकाको अद्यावधिक बेरुजु एक खर्ब ३५ अर्ब पुगेको छ । महालेखापरीक्षकको ५९औं वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७७/०७८ मा कायम कुल बेरुजु एक सय १५ अर्बमध्ये ४३ अर्ब ९१ करोड स्थानीय तहको हो । यो रकम लेखापरीक्षण भएको अङ्कको ४.१८ प्रतिशत हो । बेरुजु रकम मध्ये असुल गर्नुपर्ने रकमको हिस्सा बढ्दै छ ।

हुन त बेरुजु मात्र वित्तीय अनुशासनको सूचक होइन, योजनाको सान्दर्भिकता, प्राथमिकता निरुपण, खर्चको गुणस्तर, सेवा व्यवस्थापनमा नागरिक भावनाको सम्बोधन, निर्णयको पारदर्शिता, वित्तीय कारोबारमा नागरिक संलग्नता जस्ता आधारबाट वित्तीय अनुशासन र जवाफदेहिताको समग्र मूल्याङ्कन गर्न सकिन्छ । तर, पनि बेरुजु समग्र वित्तीय अनुशासनको सामान्य सूचक हो । महालेखापरीक्षकले संवैधानिक शक्ति र लेखापरीक्षणका मान्य सिद्धान्तका आधारमा वित्तीय लेखापरीक्षण, परिपालनको लेखापरीक्षण, कार्यमूलक लेखापरीक्षण र विशेष लेखापरीक्षण गरी देखिएका व्यहोरा परीक्षण गरिएको निकायमा प्रस्तुत गर्छ । औंल्याइएको व्यहोरा र दिइएको सुझाव कार्यान्वयन गर्नु स्थानीय सरकारको दायित्व हो ।

स्थानीय सरकार वित्तीय अनुशासन कायम गर्न कमजोर देखिएका छन् । लेखापरीक्षण प्रतिवेदन अनुसार स्थानीय सरकारहरूले घटी जिम्मेवारी सारेको, बैङ्क हिसाब मिलान गर्न नसकेको, बजेटलाई अबन्डामा राख्ने गरेको, अन्तरपरिषद् समन्वय नगरेको, उपभोक्ता समितिबाट सम्पादन गरिएका काममा ठेकेदारलाई उपयोग गरिएको र वित्तीय कारोबार सम्बन्धी निर्णय गर्दा अवलम्बन गर्नुपर्ने विधि नअपनाएको देखिएको छ । मधेश प्रदेशका चार र बागमती प्रदशको एक पालिकाले २०७५/०७६ को लेखापरीक्षण बक्यौताको पनि लेखापरीक्षण गराएका छैनन् । साथै मधेश प्रदेशका दुई पालिकाले २०७३/०७४ को स्नेस्ता पेस गराई लेखापरीक्षण गर्ने काम नै गरेका छैनन् । गत वर्ष मधेश प्रदेशका केही पालिकामा विनियोजनको ३८ प्रतिशतसम्म बेरुजु देखिएको छ । यसले वित्तीय अनुशासनमा व्यापक सुधारको आवश्यकता देखाएको छ । गत वर्षको वालिङ र यस वर्ष मालारानी लगायतका पालिकाले आर्थिक अनुशासनमा उदाहरणीयता देखाएका छन् । धेरै पालिका वित्तीय व्यवस्थापनमा कमजोर छन् ।

कमजोर वित्तीय अनुशासन किन देखियो भन्नेतर्फ विवेचना गरौं । पालिकाहरूमा प्रणाली बसिसकेको छैन, क्षमता विकास भइसकेको छैन । धेरैजसो पालिकामा बजेट तथा कार्यक्रम तर्जुमा, खर्च व्यवस्थापन र प्रतिवेदन एवम् समीक्षाको परिपाटी संस्थागत भइसकेको छैन । निर्वाचित पदाधिकारीमा केही गर्ने चाहना भए पनि त्यसलाई विधिसङ्गत प्रक्रियामा कसरी लैजाने भन्ने पक्षमा गृहकार्य हुने गरेको छैन । केही पालिका कानूनले तोकेको अवधिमा बजेट प्रस्तुत गर्ने तत्परता पनि देखाएनन् । समयमा बजेट पेस नगर्ने पालिकाको संख्या विगत तीन वर्षमा लगातार बढेर गएको छ । वार्षिक बजेट तथा कार्यक्रम पनि प्रस्तुत गर्न नसक्नु सरकारको हैसियतमा रहेका पालिकाका लागि लज्जाको विषय हो ।

बजेट कार्यक्रम पारित हुने बित्तिकै कार्यक्रम कार्यान्वयन तालिका बनाउने र सो अनुरूप काम भए नभएको समीक्षा गर्ने, काम हुन नसकेको अवस्थामा कारण पहिचान गरी सहजीकरण गर्ने बानी विकास भइसकेको छैन । साथै आर्थिक अनुशासन गिर्दै जानुमा खरिद व्यवस्था र आन्तरिक नियन्त्रण प्रणालीमा कमजोरी पनि देखिएको छ । आन्तरिक लेखापरीक्षण पनि संस्थागत छैन । पालिकाको कार्यकारी अधिकार कार्यपालिकामा हुने र कार्यपालिका प्रमुखले उचित सावधानी नराख्ने वा आग्रहमा कार्यसम्पादन गर्ने अवस्था रहँदा पनि समयमा कार्यक्रम कार्यान्वयन हुन सक्दैन । गत आर्थिक वर्षमा पालिकाहरूको वार्षिक विनियोजनको ८१.६ प्रतिशत मात्र खर्च भयो, खर्च रकममा पुँजीगत विनियोजनको हिस्सा कम छ । सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण बाहेकका अनुदान समयमा कार्यक्रम कार्यान्वयन नभएकाले सङ्घीय कोषमै फर्किने गरेको छ ।

बजेट र आवधिक योजनाबीचको नीति आबद्धता कायम गर्न र स्रोतको अनुमान योग्यताका लागि तर्जुमा गर्नुपर्ने मध्यकालीन खर्च संरचना पनि औपचारिकतामा छन् । यसो हुनु पछिको एउटा कारण योजना शिक्षा र अभिमुखीकरणको अभाव पनि हो । महालेखा नियन्त्रक कार्यालयबाट सूत्र प्रणालीका लागि दिएको तालिम जस्तै बजेट व्यवस्थापनका अन्य पक्षमा पनि सङ्घीय तहबाट क्षमता विकास गर्नुपर्छ । सङ्घीयता कार्यान्वयनका शुरुका वर्षमा क्षमता विकास, योजना तथा नीति शिक्षा मार्फत प्रणाली विकासमा सहयोग गर्नु सङ्घको दायित्व हो ।

संविधानतः र सैद्धान्तिक रूपमा स्थानीय सरकारकारहरू सुशासन र जवाफदेहिताका केन्द्र हुन् । सङ्घ तथा प्रदेशभन्दा स्थानीय तह स्थानीय वास्तविकतासँग परिचित रहन्छन् । स्थानीय आवश्यकताको पहिचान गर्न सक्षम हुन्छन् । स्थानीय सम्भावनाको पहिचानमा कुशाग्र हुन्छन् । स्रोतसाधनको प्राथमिकीकरण गर्न सक्छन् । स्थानीय सेवाग्राहीको भावना जितेर उनीहरूसँगै सहकार्य गर्न सक्छन् । सम्पादित कामको नतिजा मूल्याङ्कनका लागि नागरिक विवेचना प्रणाली पनि त्यही छ । स्थानीय तहहरू लोकतन्त्रलाई जनजीवनसम्म पुऱ्याउने, लोकतन्त्रका अवसर जनस्तरमा पुऱ्याउने संरचना हुन् । त्यसैले स्थानीय तह जवाफदेहिताका केन्द्र हुन् । साथै राष्ट्रिय भावना र प्राथमिकतालाई स्थानीयकरण गर्ने संयन्त्र पनि यिनै हुन् । स्थानीय सरकारले प्रभावकारी कार्यसम्पादन गर्न सक्दा सङ्घ तथा प्रदेशलाई नियन्त्रण र सन्तुलनमा ल्याउन सक्छन् । परिणामतः सङ्घीय शासन प्रणाली दरिलो बन्न सक्छ ।

स्थानीय तह जति दरिलो हुन सक्यो, सङ्घीयताको जग त्यति नै बलियो हुन्छ । निर्वाचित जनप्रतिनिधि आफ्नो भूमिकाप्रति जति जागरुक र इमानदार हुन्छन्, त्यसैको सापेक्षमा स्थानीय तह नागरिक विश्वास जित्न सक्छन् । स्थानीय सरकारलाई वित्तीय रूपमा सबल बनाउन निर्वाचित पदाधिकारीले विशेष ध्यान दिनुपर्ने अवस्था छ । स्थानीय स्रोतसाधन र तथ्याङ्कको व्यवस्थापनबाट वित्तीय व्यवस्थापनको जग बसाउने कामको शुरुवात गर्नुपर्छ । आफ्नो कार्य क्षेत्रमा के-कस्ता प्राकृतिक तथा आयस्रोतका सम्भावना उपलब्ध छन्, तिनीहरूको साङ्ख्यिकीय चित्र (रिर्सोस म्यापिङ) तयार गरेपछि आवश्यकता र स्रोतको संयोजन गर्न सजिलो हुन्छ । स्थानीय तहहरू भौतिक संरचना निर्माणमा उत्साहित छन् । पालिकाका लागि यस्तो भौतिक संरचना कति आवश्यक हो, सो निर्धारण र स्रोतको प्राथमिकीकरण गर्न पनि तथ्याङ्कीय आधारले सघाउँछ ।

पालिकाहरू आफ्ना नागरिकबाट कर उठाउन हच्किरहेका छन्, सम्पत्ति कर र अन्य कर तथा शुल्क परिचालनमा ध्यान दिइएको छैन । यी कर परिचालनमा दक्षता देखाएपछि बजेट तर्जुमालाई वास्तविक बनाउने, बजेट व्यवस्थापनका चरणमा स्थानीय लाभग्राहीलाई समावेश गराउने कार्यमार्फत पालिका विश्वासिला र जवाफदेही बन्न सक्छन् । स्थानीय पदाधिकारी उचित कानूनी प्रक्रियाप्रति निकै संवेदनशील रहनुपर्छ । आवधिक रूपमा आयव्यय तथा सम्पादित कामलाई नागरिक जानकारीमा ल्याउने प्रक्रिया निकै आवश्यक छ । धेरैजसो लोकतान्त्रिक मुलुकका स्थानीय सरकार बजेट प्रक्रियाका चरणमा लाभग्राहीलाई संलग्न गराउने र सूचना पारदर्शिताका माध्यमबाट नागरिक बजेट व्यवस्थापन गरिरहेका छन् ।

यसले वित्तीय प्रक्रियामा नागरिक विवेचनालाई संस्थागत गरी सुशासन अभिवृद्धि गर्न सघाउ पुऱ्याउँछ । अर्को महत्वपूर्ण अग्रसरता देखाउनुपर्ने कार्य लेखापरीक्षणमा नागरिक संलग्नता हो । आर्थिक वर्ष भुक्तानपछि महालेखापरीक्षकको कार्यालयका तर्फबाट अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन प्राप्त भएपछि औंल्याइएका विषयलाई सम्बोधन गर्न स्थानीय नागरिकका तर्फबाट विज्ञहरूलाई समावेश गर्दा नियन्त्रण र सन्तुलन एवम् विश्वसनीयता प्रवर्द्धन हुन्छ ।

किनकि स्थानीय तहमा बजेट तर्जुमा गर्ने, पारित गर्ने, खर्च गर्ने र लेखापरीक्षणबाट औंल्याएका बेरुजु फस्र्योट गर्ने काम कार्यपालिकाबाट नै हुन्छ, सङ्घ तथा प्रदेशमा जस्तो अन्य संरचना र निगरानीका लागि लेखा समितिको व्यवस्था छैन । साहसिलो नेतृत्वले कार्यभार सम्हाल्दा र निश्चित अन्तरालमा फ्लास रिपोर्ट आफ्ना निर्वाचक समक्ष प्रस्तुत गर्नसक्छ । पहिलो कार्यावधि जे-जसरी बिते पनि दोस्रो अवधिले स्थानीय सरकार संविधानको आसय, सैद्धान्तिक मान्यता र जनआन्दोलनको भावना अनुरूप जवाफदेहिताका केन्द्रका रूपमा आफूलाई स्थापित गर्न पछि पर्नुहुन्न । *गोप*

# व्यायाम गर्दा हड्डी खिइने समस्यामा कमी



चिसो मौसम बढेसँगै उमेर बढ्दै जाँदा वृद्धवृद्धामा हड्डी खिइने समस्या बढ्दै गएको छ । वर्षेनि हड्डी खिएर अस्पताल जाने बिरामीको संख्या दिन प्रतिदिन बढ्दै गएको चिकित्सकहरूले बताएका छन् । हड्डीका समस्याका कारण अस्पताल पुग्नेको संख्या बढ्दै गइरहेका बेला अर्थोपेडिक सर्जन डाक्टर सरोजकृष्ण श्रेष्ठले स्वस्थ रहनका लागि अपनाउनुपर्ने उपायका बारेमा बताउँछिन् ।

उमेर बढ्दै जाँदा बुढाबुढीमा हड्डी खिइने समस्या हुने गरेको छ । मानिसको २० देखि २२ वर्षमा हड्डी बन्छ । त्यो बिस्तारै खिइँदै जान्छ । नेपालमा हड्डी खिइने समस्या खानपान, महिलाहरूमा महिनावारी रोकिएपछि खिइँदै जान्छ । हामीले एक्स-रे गरेर हेर्छौं र हड्डी खिएको पाउँछौं । कसैको दुर्घटना हुन्छ र पछि गएर त्यही हड्डी खिइन सक्छ । सयौं कारणहरू छन् हड्डी खिइने, शुरुमा राम्रो औषधिहरू आएका छन् । शुरुमा कुरकुरे हड्डी खिइन्छ । अनि मात्र दुख्छ त्यो बेलामात्र बिरामीहरू अस्पताल आउने गर्छन् । त्यसैले मानिसहरू हड्डी खिएपछि मात्र आउँछन् । हड्डी खिइन शुरु भए कुरकुरे हड्डी खिइन थाल्छ, पलेटी मारेर बस्दा, जुता राम्रो भएन भने निहुरेर काम गर्ने गर्दा हड्डी खिइँदै जान्छ ।

त्यसैगरी भाँचिएको हड्डीलाई जोड्दा पहिलाको जस्तो हुँदैन । विदेशतिर महिलाहरूमा आफ्टर ४०, आफ्टर ५०, आफ्टर ६० भन्ने क्याल्सियम आउँछ त्यसले जोर्नी र हड्डीलाई बलियो बनाउँछ । आजकल कृत्रिम जोर्नीको पनि प्रयोग गरिन्छ त्यसले मान्छेलाई हिँड्न सजिलो बनाउँछ । मान्छेको लाइफ सहज बनाउने गर्छ । हड्डीको उपचार विदेशमा एउटा ट्रान्सप्लान्ट गर्दा नेपाली २० देखि २५ लाख पर्न आउँछ । तर, नेपालमा त्यो तीनदेखि चार लाखमा हुन्छ । त्यो अहिले भारतमा पनि बनेको छ । विदेशी इम्प्लान राख्दा अलि महँगो पर्ने हो । भारतमा पनि बनेको हुँदा नि जोड्दा तीनदेखि चार लाख रुपैयाँ पर्छ । त्यसैगरी हिप ज्वाइनको पनि धेरै सस्तो भएको छ ।

कृत्रिम जोर्नी राख्दा पहिलाको जसरी नै काम गर्छ । तर, अलिकति होसियार हुनु पर्दछ । हिप ज्वाइन गरेको छ भने शुरुमा हिँड्न गार्हो हुन्छ पछि-पछि ठिक हुन्छ । मान्छेहरू अब मलाई भयो भनेर जे पनि गऱ्यो भने त्यो प्लाष्टिकको सामान हो, त्यसमा खिया लाग्न सक्छ । त्यो राखेको सधैंलाई हैन पछि फेर्नुपर्ने हुन्छ । धेरैजसो कृत्रिम जोर्नीको अवधि १० देखि १५ वर्षको अवधि हुन्छ । यसरी राख्दा जोखिम भनेको सबै अप्रेसनमा हुन्छ ।

उमेर अनुसारको हड्डी खिइँदै जाने हो । त्यसको लागि क्याल्सियम खाने, वर्षमा एक पटक जाँच गर्ने, दैनिक रूपमा व्यायाम गर्ने, आफूलाई जसरी सजिलो हुन्छ त्यसरी व्यायाम गर्ने, दुख्न नदिने गर्नुपर्छ ।

हड्डी खिएर उपचार गराइरहेकाले पनि गर्ने योगा गर्दा हुन्छ । १२ वर्ष देखि ९० वर्ष सम्मकोले गर्दा हुन्छ । योगा नेपालले बनाएको हो, तर यो विदेशमा गएर मोडिफाई गरेर थेरापी भने । दैनिकरूपमा पाँचदेखि १५ मिनेट गर्दा धेरै दुख्ने समस्या कम हुँदै जान्छ ।

औषधि खानुपर्दा धेरै दुख्यो भने औषधि नै खाने हो, योगा गर्दा पनि पछाडिको दुखाइको लागि औषधि दिने गरेको बताउँछन् । त्यो व्यायाम गर्दै जाँदा दुखाइ कम हुँदै जान्छ र औषधि नखाए पनि हुन्छ । पहिला नै समस्या नआओस् भनेर दुख्यो भने अस्पताल आयो तर व्यायाम सिकायो विस्तारै त्यो दुखाइ कम हुँदै जान्छ र त्यो पछि फेरि समस्या बल्झिएर आउँछन् । त्यसैले प्रत्येक वर्ष स्वास्थ्य जाँच गर्ने, डाक्टरले १० दिन खानु भनेर धेरै औषधि दिँदा त्यो औषधि मान्छेले बर्षौंसम्म खान्छन् र आउँछन् त्यसले पछि धेरै असर गर्दछ । त्यसैले डाक्टरहरूले पनि चाहिनेभन्दा धेरै औषधि नदिने त्यसले गर्दा बिरामीहरू छिटो-छिटो अस्पताल आउँछन् । डाक्टरको सल्लाह अनुसार औषधि खाने, व्यायाम गर्ने, योगा गर्ने, खानपान राम्रो र सफा खाने गर्दा यो हड्डी खिइने समस्याको हल हुन्छ । त्यसैले हामी सबैले स्वास्थ्यको ख्याल गर्न जरुरी रहेको छ ।

# वीरता लेडी जेसीजले लेडी एकाडेमीको आयोजना गर्दै




**बिर्तामोड, मंसीर ६।** वीरता लेडी जेसीजले '१५औं राष्ट्रिय लेडी एकाडेमी'को आतिथ्य गर्ने भएको छ।

नेपाल जेसीजको आयोजनामा प्रत्येक वर्ष आयोजना गरिँदै आएको राष्ट्रिय कार्यक्रम यो वर्ष झापामा गर्न लागिएको हो।

मंसीर ९ र १० गते बिर्तामोडमा आयोजना गरिने कार्यक्रममा नेपालभरका करिब एक सय महिला जेसीहरुको सहभागिता रहने मंगलबार बिर्तामोडमा आयोजना गरिएको पत्रकार सम्मेलनकाबीच जानकारी दिइयो।

दुई दिवसीय कार्यक्रमको उद्घाटन राष्ट्रिय सभा सदस्य तथा वीरता जेसीजका संस्थापक अध्यक्ष गोपालकुमार बस्नेतले गर्ने वीरता लेडी जेसीजकी अध्यक्ष संगीता चिमरियाले जानकारी दिइन्।

महिला सशक्तिकरण र उद्यमशीलता, जेसीज पहिचान सम्बन्धी विभिन्न विषयमा तालिम प्रदान गरिने निर्वतमान अध्यक्ष स्वस्तिका आचार्यले जानकारी दिइन्। पूर्वको बाहुनडाँगीदेखि पश्चिमको महेन्द्रनगरसम्मका तालिममा आएका सहभागीहरुलाई झापाका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलको भ्रमण गराइने, झापाको पहिचानका रुपमा रहेको भक्काका परिकारलाई खुवाउने जनाइएको छ।

कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष लालमणि भण्डारीसहित सम्पूर्ण राष्ट्रिय पदाधिकारीहरुको सहभागिता रहने बताइएको छ। मंगलबार आयोजित पत्रकार सम्मेलनमा नेपाल जेसीजका क्षेत्र 'क' निरुपित राष्ट्रिय उपाध्यक्ष कुमारसिंह साँवा समेतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन महासचिव युनिता दवाडीले गरेकी थिइन्।

यसैबीच १५ वर्षापछि वीरता लेडी जेसीजले राष्ट्रिय पदाधिकारीमा उम्मेद्वारी दिएको छ। वीरता लेडी जेसीजकी वर्ष २०२१ की अध्यक्ष स्वस्तिका आचार्यलाई राष्ट्रिय उपाध्यक्षमा पठाएको पत्रकार सम्मेलनमा जानकारी दिइयो। पुसको ७ देखि १० गते विरगञ्जमा हुने राष्ट्रिय महाधिवेशनमा आचार्यले प्रतिष्पर्धा गर्ने एकाडेमी डाइरेक्टर कञ्चना ढकाल सिटौलाले जानकारी दिइन्।

## पाँच लाखभन्दा बढीको अवैध मदिरासहित पक्राउ

**झापा, मंसीर ६।** अवैधरूपमा भारतबाट भन्सार छलि ल्याउँदै गरेको करिब पाँच लाख ६५ हजार रुपैयाँ बराबरको बिभिन्न ब्राण्डका मदिरासहित बिर्तामोड नगरपालिका-३ घर भएका २६ वर्षीय जीवन दाहाललाई प्रहरीले पक्राउ गरेको छ।

विभिन्न प्रकारका ब्राण्डेड मदिरा अवैधरुपमा भारतबाट भन्सार छलेर कोठामा ल्याई बेचबिखन गरिरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मदिरा जेडी २१ थान, डबल बल्याक २१ थान, भोडका १८ थान र जेगा मास्टर १७ थानसहित फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## लागूऔषध बरामद

**झापा, मंसीर ६।** नेपालगञ्ज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ दुई ग्राम पाँच सय मिलिग्रामसहित खजुरा गाउँपालिका-२ बस्ने २२ वर्षीय सुरज गन्धर्वलाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

उता वीरगञ्ज महानगरपालिका-३२ टेढास्थित सडकबाट अवैध लागूऔषध चरेश दुई केजी प्रहरीले बरामद गरेको छ।

उक्त स्थानमा खटिएको प्रहरी टोलीलाई देख्नासाथ ना.५२ प ६०५७ नम्बरको मोटरसाइकलमा सवार व्यक्तिले मोटरसाइकल छाडी फरार भएपछि मोटरसाइकल जाँच गर्दा उक्त लागूऔषध फेला पारेको हो। हाल फरार व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# पहिलो विश्वकप अघि र पछि




**झापा, मंसीर ६।** सन् १९३० मा उरुग्वेमा भएको पहिलो विश्वकप फुटबलको इतिहासमै सबैभन्दा महत्वपूर्ण घटना मध्ये गनिन्छ। अहिले फुटबल विश्वको सबैभन्दा लोकप्रिय खेल बनेको छ। तर, कुनै समयमा फुटबललाई खेल समेत मानिँदैनथ्यो। फुटबल कहिलेदेखि कहाँबाट शुरु भयो भन्ने यकिन तथ्य नभए पनि यसको इतिहास तीन हजार वर्षभन्दा लामो रहेको मानिन्छ। हजारौं वर्षमा फरक-फरक चरण पार गर्दै स्वरूप फेर्दै फुटबल अहिलेको अवस्थामा आएको फुटबलका विज्ञ बताउँछन्।

फुटबललाई इसापूर्व तीन सयदेखि दुई सय वर्षअघि चीनमा खेलिने खेलको नजिक रहेको पनि बताइन्छ। सुजु नामक उक्त खेलको नियम लिखित रूपमा नभेटिए पनि बाहिर छाला र भित्र चराको प्वाँख राखेर बनाइएको बललाई गोडाले हानेर खेल्ने गरिन्थ्यो। सोही खेलको परिमार्जित संस्करण जापानमा पनि खेल्ने गरेको बताइन्छ। इतिहासविद्का अनुसार केमारी नामक उक्त खेल विभिन्न पर्वमा खेल्ने गरिन्थ्यो। त्यस्तै ग्रिसमा पनि खुट्टाले बल हान्ने खेल प्रचलनमा रहेको अभिलेख पाइन्छ। जसमा छालाको बल बनाएरभित्र विभिन्न जनावरको रौं राखेर खेलिन्थ्यो। त्यसपछि सातौं शताब्दीतिर हावा भरेको बल पहिलोपटक प्रचलनमा आएको बताइन्छ।

केही ठाउँमा सांस्कृतिक महत्वका रूपमा त कहीँ सैनिकहरूलाई अभ्यास गराउन खेलाइने फुटबललाई दर्शकसहित छुट्टै मैदानमा खेल्ने र धेरै मानिसलाई मनोरञ्जन दिन योग्य खेलको रूपमा भने लिइन्थेन। अठारौं शताब्दीको अन्त्यतिर फुटबल खेल बेलायत भित्रियो। त्यसपछि उन्नाइसौं सदीको मध्यसम्म आइपुग्दा फुटबलका धेरै नियम परिमार्जित गरी एउटा पूर्ण खेलको रूपमा विकास भयो। सोही नियममा आधारित रहेर अहिले फुटबल खेलिन्छ।

**ओलम्पिकमा फुटबल**

सन् १८९६ मा आयोजना भएको पहिलो ओलम्पिक खेलमा नौ वटा खेल समावेश थिए। जसमा फुटबल थिएन। त्यति वेलासम्म फुटबल नयाँ खेलको रूपमा बिस्तारै चर्चामा आउँदै थियो। सन् १९०० मा नयाँ शताब्दीको शुरुवातको अवसरमा ओलम्पिकले फुटबलसहित दशवटा अरू खेल थप्यो। जुन फुटबलका लागि ऐतिहासिक घटना मानिन्छ। सन् १९०० को ओलम्पिकमा फुटबलका लागि बेलायत, फ्रान्स र बेल्जियमको नेतृत्व गर्दै तीन राष्ट्रिय क्लव सहभागी भए। जसमा बेलायतको अपटोन पार्कले स्वर्ण जितेको थियो। त्यसपछि १९०४ को ओलम्पिकमा ३ र १९०८ को ओलम्पिकमा छ वटा टोली सहभागी थिए।

बिस्तारै फुटबलको लोकप्रियता विश्वभर बढ्दै गयो। जस कारण १९१२, १९२० र १९२४ को ओलम्पिकमा फुटबलका लागि प्रतिस्पर्धा गर्ने देशहरूको संख्या पनि ११, १४, २२ गर्दै क्रमशः बढ्दै गयो। शुरुदेखि नै सबैभन्दा बलियो टोलीको रूपमा रहेको बेलायतलाई टक्कर दिने अरू नर्वे, बेल्जियम, उरुग्वे जस्ता टोली निस्किए। १९२० को ओलम्पिकमा बेल्जियमले स्वर्ण पदक जित्यो भने त्यसपछिका १९२४ र १९२८ ओलम्पिकको स्वर्ण उरुग्वेले लग्यो। त्यति बेलासम्म फुटबलको क्रेज अर्को स्तरमा पुगिसकेको थियो। ओलम्पिकमा अन्य खेलहरूसँगै एउटा खेलको रूपमा खेलाइँदा तत्कालीन फिफा अध्यक्ष जुलेस रिमेटलाई फुटबल छायाँमा परेको भान भयो र फुटबलको लागि छुट्टै प्रतियोगिता आयोजना गरिनुपर्ने विचार आयो। सोही अनुरूप सन् १९३० मा पहिलो फुटबल विश्वकप आयोजना हुने घोषणा भयो।

**पहिलो विश्वकप**

विश्वकपको घोषणा भए पनि कुन ठाउँमा आयोजना गर्ने भन्ने टुंगो थिएन। आफ्नो स्वतन्त्रताको सय वर्ष पूरा भएकाले पहिलो विश्वकप उरुग्वेमा आयोजना गर्न उरुग्वे सरकारले फिफालाई अनुरोध गरिरहेको थियो। त्यतिबेला ओलम्पिकमा स्वर्ण जित्ने टोली नै विश्व विजेता कहलिन्थ्यो। लगातार दुईपटकको विश्व विजेता टोलीले स्वतन्त्रताको सय वर्ष पहिलो विश्वकपको आयोजना गरेर मनाउँछौं भन्दा फिफाले हार्न सकेन र पहिलो विश्वकप १९३० जुलाई १३ देखि ३० सम्म उरुग्वेको मोन्तेभिदियोमा आयोजना हुने निश्चित भयो। पहिलो विश्वकपमा अर्जेन्टिना, चिली, फ्रान्स, मेक्सिको, युगोस्लाभिया, ब्राजिल, बोलिभिया, रोमनिया, पेरु र आयोजक उरुग्वे गरी १३ देश सहभागी थिए। ती मध्ये उरुग्वेसहित युगोस्लाभिया, अर्जेन्टिना र अमेरिका आ-आफ्नो समूहको विजेता बन्दै सेमिफानलमा प्रवेश गरे।

ग्रुप ३ मा रहेको उरुग्वेले रोमनिया र पेरुलाई हराउँदै सेमिफानल पुगेको थियो। जहाँ उसले ब्राजिल र बोलिभियालाई हराउँदै समूह २ को विजेता बनेको युगोस्लोभियाको सामना गर्नुपर्‍यो भने अर्को सेमिफाइनलमा अर्जेन्टिना र अमेरिका भिड्दै थिए। अर्जेन्टिना र उरुग्वे दुवै टोलीले ६-१ गोल अन्तरको जीत निकाल्दै पहिलो विश्वकपको फाइनलमा प्रवेश गरे। १९३० जुलाई ३० मा भएको फाइनल खेल प्रत्यक्ष हेर्न ९० हजारभन्दा बढी मान्छे पुगेका थिए। दुई वर्षअघि भएको १९२८ को ओलम्पिक फाइनलमा भेटेका प्रतिद्वन्द्वी पहिलो विश्वकपको फाइनलमा पनि भेट भएका थिए। जसकारण पहिलो विश्वकप फाइनलको हाइप अर्को स्तरमा थियो।

झण्डै १५ हजार अर्जेन्टिनी आफ्नो टोलीलाई जिताउन प्लेट नदी तरेर मोन्तेभिदियो पुगेका थिए। तर, पहिलो विश्वकपको फाइलनमा पनि ओलम्पिककै फाइनल नतिजा दोहोरियो। उरुग्वे ४-२ ले विजयी हुँदै विश्वकप उपाधि जित्न सफल भयो। त्यसपछि सन् १९५० मा उरुग्वेले दोस्रोपटक विश्वकपको उपाधि जित्यो। त्यसपछि भने उरुग्वे फाइनलसम्म पनि पुग्न सकेको छैन। उरुग्वेमा आयोजना भएको विश्वकप पनि १९३० कै पहिलो र अन्तिम हो।

**विश्वकप २०२२**

कतारमा आयोजित २२औं विश्वकपमा आठ समूहमा ३२ टोलीले प्रतिस्पर्धा गर्दै छन्। जसमा उरुग्वे, घाना, साउथ कोरिया र पोर्चुगलसहित ग्रुप एचमा रहेको छ। विश्वकप शुरु भएको झण्डै सय वर्ष पुग्न लाग्दा ब्राजिल सबैभन्दा बढी पाँचपटक विश्व विजेता बनेको छ भने इटाली र जर्मनीले चारचार पटक विश्वकप जितेका छन्।

पहिलो विश्वकपमा उरुग्वेसँग हारेको अर्जेन्टिना पनि सन् १९७८ र १९८६ मा विश्व विजेता बन्यो। फिफाको वर्तमान वरीयता अनुसार ब्राजिल, जर्मनी, इटाली र अर्जेन्टिनासहित बेल्जियम, फ्रान्स, बेलायत, स्पेन, नेदरल्याण्ड्स, पोर्चुगल र डेनमार्क बलिया टोलीमध्येमा गनिन्छन्। फिफा वरीयतामा उरुग्वे १३औं नम्बरमा रहेको छ।

२०२२ सम्म आइपुग्दा दुई सयभन्दा बढी देशमा २५ करोडभन्दा बढी खेलाडी सक्रिय रूपमा फुटबल खेल्ने गर्छन् भने साढे तीन अर्बले पछ्याउने गर्छन्। जसले गर्दा फुटबल वर्तमान समयको सबैभन्दा लोकप्रिय खेल बनेको छ। यति वेला विश्वकप खेल्दै गरेका वा विश्वकपमा छनोट हुन नसकेका सबै देश फुटबलमय बनेका छन्। कुनै समय खेल समेत नमानिएको फुटबलको विश्वकपलाई खेल जगत्को सबैभन्दा ठूलो पर्वको रूपमा लिने गरिन्छ।


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई**, बिर्तामोड-५, झापा
– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

9825927477 / 9806090781
9849504771 / 9842695884
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**कर्मचारी आवश्यकता**
कार्यालय सञ्चालन र विस्तारको लागि केही कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिले निवेदन दिनुहोला ।
पद : PRO
संख्या : ८ जना
तलब : १५,१००/–
समय : ११:०० देखि ५:०० बजेसम्म
योग्यता : +२ पास सो सरह ।
सम्पर्क :
ग्रेट फ्युचर मार्ट
बिर्तामोड-४, झापा, भद्रपुर बस स्टेण्ड
फोन नं. : ९८१४३९७३४०, ९८४२४४७१६०

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**THAKUR POLYCLINIC**
यहि मंसिर १० गते, शनिबारका दिन बिहान ८:00 देखि १:00 बजे सम्म
सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा
अब विर्तामोडमा


डा. रविन्द्र सिमखडा
MD (Internal Medicine)/DM (Cardiology)
के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
- रक्तचाप बढ्ने
- मुटुको दुकदुकी बढ्ने
- श्वाश फुल्ने
- उकालो चढ्न नसक्ने
- बाथ
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड
- मुटुको चालमा गडवड

अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

**छापाखाना**
क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५


दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, आजको दिन तपाईको समय उत्तमसिद्धी रहेको छ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
समय मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, आज तपाईको मन प्रशन्न रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
आज मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आजको दिन फलदायी रहेको छ, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, तपाईको मन प्रशन्न रहने छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्ने छ, छोटो दुरीको यात्रा हुनेछ, तपाईको मन हर्षित रहला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ, मन प्रशन्न रहला।